# वालिङ नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## वालिङ स्याङ्जा

## आ.व. २०८३/ ०८४ नीति तथा कार्यक्रम

**नगर सभाका सदस्यज्यूहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, लोकतन्त्रको सुदृढीकरण तथा नागरिक अधिकारको सुनिश्चितताका लागि भएका ऐतिहासिक आन्दोलन र सङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात—अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक आन्दोलनका क्रममा घाइते, बेपत्ता, अपाङ्गता भएका तथा विभिन्न प्रकारका पिडा व्यहोर्नु भएका व्यक्तिहरू र उहाँहरूका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु। राष्ट्र निर्माण र सामाजिक रूपान्तरणको यात्रामा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूलाई यस अवसरमा कृतज्ञतापूर्वक स्मरण गर्न चाहन्छु।

आज यस गरिमामय नगरसभामा वालिङ नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित महसुस गरिरहेको छु। स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई जनप्रतिनिधिमूलक स्थानीय सरकार गठन भएको चार वर्ष पूरा हुन लागेको सन्दर्भमा, यस अवधिमा हामीले हासिल गरेका उपलब्धि, अनुभव र सिकाइहरूको समग्र समीक्षा गर्दै आगामी यात्राको मार्गचित्र प्रस्तुत गर्ने अवसर प्राप्त भएको छ। विगतका प्रयासहरूको मूल्याङ्कन गर्ने अधिकार आदरणीय नगरवासीहरूमा निहित रहेको छ भने प्राप्त सुझाव, सल्लाह र अपेक्षालाई आत्मसात् गर्दै हामी अझ जिम्मेवार, जवाफदेही र परिणाममुखी ढङ्गले अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु।

स्थानीय सरकार जनताको त्याग, बलिदान र लोकतान्त्रिक संघर्षबाट स्थापित जननिकट शासन प्रणाली हो। नागरिकको सहभागिता, सुशासन, पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहको प्रभावकारितालाई केन्द्रमा राख्दै समृद्ध, सुन्दर, सुरक्षित, समावेशी र संस्कारित वालिङ निर्माण गर्नु हाम्रो साझा संकल्प हो। जनताको विश्वासलाई बलियो बनाउँदै विकास र समृद्धिको यात्रालाई अझ तीव्रता प्रदान गर्नु हाम्रो प्रमुख दायित्व रहेको छ।

नगरपालिका स्थापना पश्चात् लोकतान्त्रिक मूल्य—मान्यता, विधिको शासन तथा सहभागितामूलक विकासका सिद्धान्तलाई आत्मसात् गर्दै नगरको समग्र विकास र सुशासनको सुदृढ आधार निर्माण गरिएको छ। अब त्यस आधारमाथि समृद्धिका नयाँ आयामहरू थप्दै दिगो विकासको यात्रालाई अझ सशक्त बनाउनु हाम्रो साझा जिम्मेवारी हो।

सीमित स्रोत र साधनका बीच नगरवासीका असीमित आकांक्षा र अपेक्षाहरूलाई सम्बोधन गर्नु चुनौतीपूर्ण कार्य अवश्य हो। तथापि, उपलब्ध स्रोतको अधिकतम परिचालन, प्राथमिकताको स्पष्ट निर्धारण तथा प्रभावकारी कार्यान्वयनमार्फत जनअपेक्षालाई यथासम्भव सम्बोधन गर्ने दृढ संकल्पका साथ यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

नेपालको संविधान, सोह्रौं योजना तथा आगामी विकास रणनीतिहरू, दिगो विकास लक्ष्य (SDGs), गण्डकी प्रदेश सरकारका नीति तथा योजनाहरू, वालिङ नगरपालिकाको दीर्घकालीन सोच, बृहत् नगर विकास योजना, क्षेत्रगत नीति रणनीतिहरू, आवधिक योजनाहरू, राजनीतिक दलहरूका प्रतिबद्धता, नगरवासीहरूको सुझाव तथा जनप्रतिनिधिहरूको साझा आकांक्षालाई आधार मानी यो नीति तथा कार्यक्रम तयार गरिएको हो।

यस नीति तथा कार्यक्रम निर्माणका क्रममा अमूल्य सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण नगरवासी, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी, सुरक्षाकर्मी, कर्मचारी तथा सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

संविधानप्रदत्त नागरिकको स्वतन्त्रता र अधिकारलाई संरक्षणगर्दै नागरिकमुखी नीति मार्फत उत्तरदायी र जवाफदेही सरकारको रूपमा थप प्रभावकारी ढङ्गले कार्य गर्ने प्रण गर्दै, "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षालाई आत्मसात् गर्दै, "समुन्नत वालिङ, सुखी वालिङवासी" को हाम्रो साझा लक्ष्य हासिल गर्ने दृढ सङ्कल्पका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष स्वीकृतिका लागि प्रस्तुत गरेको छु।

**नगर सभाका सदस्यज्यूहरू,**

**अब म जनस्वास्थ्य सम्बन्धि नीति प्रस्तुत गर्दछु**

**"सवल र दिगो नगर स्वास्थ्य प्रणाली : स्वस्थ्य र सक्षम नगरवासी"**

- नेपालको संविधानले प्रत्याभूत गरेको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकास लक्ष्य, राष्ट्रिय स्वास्थ्य नीति तथा नगर स्वास्थ्य नीति र जनस्वास्थ्य ऐनको मर्मअनुरूप **"स्वस्थ वालिङ, समुन्नत वालिङ"** को लक्ष्यमा पुग्न **कोखदेखि शोकसम्म नागरिकको साथमा स्थानीय सरकार"** भन्ने मान्यताका साथ जीवनचक्रमा आधारित स्वास्थ्य सेवा प्रवाह गर्न सबल **नगर स्वास्थ्य प्रणालीको विकास गरिनेछ।**
- परिवार स्वास्थ्य प्रोफाइललाई नियमित रुपमा अद्यावधिक गर्दै परिवार स्वास्थ्य हेरचाह; सामुदायिक नर्स घरदैलो कार्यक्रम तथा विद्यालय नर्स कार्यक्रमलाई थप प्रभावकारी बनाउन समुदाय, विद्यालय र स्वास्थ्य संस्थाबाट प्रदान गर्ने स्वास्थ्य सेवालाई एकीकृत ढङगले प्रदान गर्ने व्यबस्था गरिनेछ ।

- चाल आ. व. मा १० वटा विद्यालयमा कार्यान्वयमा ल्याईएको विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमलाई विस्तार गरि संस्थागत विद्यालयमा पनि संचालन गर्न प्रेरित गरिने छ।
- अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी, शिशु, दीर्घ रोग भएका नागरिकलाई सामुदायिक नर्समार्फत **घर-आगनमा सेवा** दिइनेछ । सीमान्तकृत वस्ति र टाढाका टोलबस्तिमा स्वास्थ्य संस्थामार्फत **सेवा क्लिनिक** मार्फत आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।
- नगरपालिका स्वास्थ्य सर्भेक्षणबाट देखिएको रोगको भार, बढ्दो उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सर तथा मिर्गौला रोगजस्ता नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान तथा व्यवस्थापनलाई उच्च प्राथमिकता दिइ **'म स्वस्थः मेरो नगर स्वस्थ** अभियान संचालन गरिनेछ। त्यसका लागि स्वास्थ्य प्रोफाइलका आधारमा प्रत्येक वडामा लक्षित समुह केन्द्रित नियमित स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ । स्वस्थ खानपान तथा धूम्रपान, मद्यपान न्यूनीकरण अभियानलाई समुदायस्तरसम्म विस्तार गरिनेछ। योग ध्यान-साधना व्यायमका लागि **योग व्यायाम तथा अध्यात्मिक साधन केन्द्र संचालन गरिनेछ।**
- बढ्दो मानसिक स्वास्थ्य समस्यालाई न्युनिकरण गर्न **"मनदेखि मनसम्म"** अभियान मार्फत समुदाय र स्वास्थ्य संस्थामा आत्महत्या रोकथाम, मनोसामाजिक परामर्श, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम तथा जेष्ठ नागरिक र किशोरकिशोरी लक्षित मानसिक स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछन्।
- गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्यलाई विशेष प्राथमिकता दिँदै गुणस्तरीय गर्भजाँच, संस्थागत सुत्केरी, सुरक्षित मातृत्व तथा नवजात शिशु सेवाको पहुँच विस्तार गरिनेछ। उच्च जोखिमयुक्त गर्भावस्थाको समयमै पहिचान तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन **परिवार स्वास्थ्य हेरचाह** कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- उपचारमुखीभन्दा रोकथाममुखी स्वास्थ्य प्रणालीको विकास गर्दै विद्यालय, समुदाय, कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा **"जनस्वास्थ्य मेला"** मार्फत स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय क्षेत्र वरपर जंक फुडको विक्री वितरण तथा सेवनलाई निषेध गरिनेछ। सुर्तीजन्य पदार्थ, मदिराजन्य पदार्थको विक्री, वितरण र प्रयोगलाई निरुत्साहित, नियन्त्रण र नियमन गरिनेछ ।
- पूर्ण खोपयुक्त नगरपालिका कायम राख्दै नियमित खोप कार्यक्रमलाई थप सुदृढ बनाइनेछ। सुनौलो हजार दिन कार्यक्रम, बालविकास तथा वृद्धि अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ भने कुपोषण न्यूनीकरणका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत पोषण मैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याईने छ । **उपमेयरसंग पोषिलो झोला कार्यक्रमलाई निरन्तरता दिइनेछ।**
- किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा विस्तार गर्दै यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, मानसिक स्वास्थ्य प्रवर्द्धन, लागू पदार्थ दुर्व्यसन न्यूनीकरण तथा जीवन उपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

- जेष्ठ नागरिकलाई सम्मानजनक र सहज स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित स्वास्थ्य परीक्षण, घरदैलो स्वास्थ्य सेवा, दीर्घरोग व्यवस्थापन तथा जेरियाट्रिक स्वास्थ्य सेवाको विस्तार गरी **बा-आमा स्वास्थ्य हेरचाह** कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको पहुँच विस्तार गरिनेछ। विपन्न, असहाय तथा जोखिममा रहेका परिवारहरूको बीमा पहुँच अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछन्।
- नगरपालिकाभित्रका भोजनालय, खाजा घर, होटल रेष्टुरेन्टको खाद्य, पानीको गुणस्तर एवं सरसफाई अनुगमन गर्न 'डेडिकेटेड जनस्वास्थ्य निरीक्षकको व्यबस्था गरिनेछ।
- वैदेशिक रोजगार जानु अघि अभिमुखिकरण, फर्केपछि नगर अस्पतालमार्फत परिक्षणको व्यबस्था गरिनेछ।
- स्वच्छ खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापनलाई स्वास्थ्यसँग आबद्ध गर्दै जलवायु परिवर्तनबाट स्वास्थ्य क्षेत्रमा पर्ने असर न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्। स्वास्थ्य संस्थाहरूलाई वातावरणमैत्री तथा जलवायुमैत्री बनाइनेछ।
- महामारी, प्राकृतिक विपद् तथा स्वास्थ्य आपतकालीन अवस्थाको प्रभावकारी व्यवस्थापनका लागि स्वास्थ्य आपतकालीन प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ। आवश्यक औषधि, उपकरण तथा जनशक्ति व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ। यसका लागि "आपतकालिन कोष"संचालन गरिनेछ।
- क्षयरोगमुक्त वालिङ अभियानलाई निरन्तरता दिँदै कृत्रिम बुद्धिमत्ता (AI) प्रविधिमा आधारित एक्स—रे स्क्रिनिङ, सक्रिय रोग खोजपड्ताल तथा उपचार व्यवस्थापनलाई सुदृढ बनाइनेछ। एचआईभी, कुष्ठरोग तथा अन्य सरुवा रोगहरूको रोकथाम, निगरानी र नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- परिवार नियोजन सेवामा सबैको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय अस्थायी तथा दीर्घकालीन साधनहरूको उपलब्धता बढाइनेछ। पुरुष सहभागिता अभिवृद्धि तथा प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछन्।
- आयुर्वेद, योग, ध्यान तथा प्राकृतिक चिकित्साको प्रवर्द्धन गर्दै नागरिकलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गरिनेछ। आयुर्वेद सेवाको पहुँच र उपयोग बढाइनेछ।
- स्वास्थ्य संस्थाहरूको भौतिक तथा प्राविधिक पूर्वाधार सुदृढ गर्दै डिजिटल स्वास्थ्य सूचना प्रणाली, विद्युतीय अभिलेख तथा टेलिमेडिसिन सेवाको विस्तार गरिनेछ। आवश्यक स्वास्थ्य उपकरण तथा जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, नियमित अनुगमन, सामाजिक परीक्षण तथा नागरिक सन्तुष्टि मापन प्रणालीलाई संस्थागत गरिनेछ। स्वास्थ्यकर्मीहरूको क्षमता विकास, अनुसन्धान तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।

- मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई दृष्टिगत गर्दै जुनोटिक रोग नियन्त्रण, खाद्य सुरक्षा, प्रतिजैविक प्रतिरोध (AMR) न्यूनीकरण तथा “एक स्वास्थ्य (One Health)” अवधारणामा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- स्वास्थ्य सेवा प्रवाहलाई प्रविधिमैत्री र तथ्यमा आधारित बनाउन "वालिङ स्वास्थ्य ड्यासबोर्ड (Dashboard)" निर्माण गरी सञ्चालनमा ल्याइनेछ, जसको सुरक्षित र प्रभावकारी प्रयोगका लागि आवश्यक आधिकारिक लाइसेन्स र एआई टुल्सको व्यवस्था गर्दै स्वास्थ्यकर्मीहरुका लागि एआई, Safe Browsing तथा साइबर सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- सुरक्षित पिउने पानी सुनिश्चित गर्न राष्ट्रिय मापदण्ड अनुसार पानीको गुणस्तर प्रमाणीकरण तथा समुदायमा पानीजन्य रोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिने छ।

**नगर सभाका सदस्यज्यूहरू,**

**अब म शिक्षा तथा खेलकुद सम्बन्धि नीति प्रस्तुत गर्दछु**

**"प्रविधिमैत्री शिक्षा, सिर्जनशील विद्यार्थी, स्मार्ट वालिङ"**

- अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताका लागि आवासिय विद्यालयलाई निरन्तरता दिइनेछ, सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्रि शिक्षालाई जोड दिंदै शिक्षकको क्षमता विकास कार्यक्रम, विद्युतीय हाजिरी, डिजिटल साक्षरता एवं अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय उत्पादन, सीप र अनुसन्धानमा आधारित "दूरी घटाउने, गति बढाउने" सिकाई केन्द्रित गुणस्तरीय शिक्षा प्रणालीको विकास गरिनेछ।
- STEM शिक्षाको लागि नपुग शिक्षक दरबन्दि पुर्ति गर्न volunteer शिक्षक को व्यवस्था मिलाईने छ । सो का लागि आवश्यक परेमा अन्य संघ संस्था सँग सहकार्य गर्न पहल गरिनेछ ।
- AI लगाएतका सिकाईलाई विद्यालय स्तर सम्म पुऱ्याउन पालिकाका सबै बिद्यालयहरुमा आवधिक प्रविधि सिकाई सप्ताह सञ्चालन गरिनेछ।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालन अनुदान एवं रुम टु रिड, ब्रिटिस काउन्सिल जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय स्तरबाट वैज्ञानिक खोज अनुसन्धान गर्न सक्ने विद्यार्थी तयार गर्न, प्रयोगमा आधारित सिकाइ कार्य गर्न गराउनका लागि नवप्रवर्तनका कार्यक्रमहरु (नगरस्तरीय विज्ञान प्रदर्शनी) सञ्चालन गरिनेछ।

- खेलकुद विकास नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन एवं शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।
- सम्पूर्ण सामुदायिक विद्यालयहरुको स्तरीकरण गरी कमजोर विद्यालयलाई थप प्रोत्साहन गरिनेछ।
- Learning sharing (शिक्षासम्बन्धी असल अभ्यास सिकाइ आदानप्रदान कार्यक्रमका लागि शिक्षकहरुको अवलोकन भ्रमण) कार्यक्रमका लाई निरन्तरता दिइनेछ
- नगरशिक्षा योजना मार्फत नगरपालिकाको समग्र शैक्षिक विकासलाई सुदृढ गरिनेछ।
- विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री साथै GEDSI का सिद्धान्त अवलम्बन गरी सबै विद्यार्थीलाई समान अवसर पहुँच सहभागिता र उपलब्धी सुनिश्चित गरिनेछ ।
- भाषा, साहित्य, कला र संष्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि विद्यालयले विभिन्न सिर्जनात्मक तथा साँष्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गूणस्तरीय, समावेशी र पहूचयुक्त शिक्षा सुनिश्चित गर्न नगर शिक्षा योजनामा उल्लेखित लक्ष्य तथा रणनीतिहरु कार्यन्वयन गरिनेछ।
- पढ्दै कमाउदै कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**नगर सभाका सदस्यज्यूहरू,**

**अब म सहकारी सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- वालिङ नगरपालिकाको सहकारी नियमावली तर्जुमा गरि लागु गरिनेछ।
- यस नगरपालिकामा दर्ता भएका सहकारी संस्थाहरु मध्ये सञ्चालनमा नआई निस्कृय रहेका सहकारी संस्थाहरुलाई कानुनी प्रकृया अनुसार खारेजी गरिनेछ।
- कानुन बमोजिम सहकारी संस्थाहरुको छानबिन गरि छानबिन पश्चात समस्याग्रस्त देखिएमा समस्याग्रस्त सहकारी घोषणा गरिनेछ।
- सहकारी संस्थाहरुको अनुगमन तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

**नगर सभासद्ज्यूहरू, अब म योजना सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- वालिङ नगरपालिकाको उपभोक्ता समिति कार्य संचालन कार्यविधि, २०७४ को समय सापेक्ष संसोधन गरिनेछ।
- उपभोक्ता समिति/टोल विकास संथा दर्तावाला उपभोक्ता समिति तथा टोल विकास संथा बाट योजना संचालन गर्न पहल गरिने छ ।

- लागत सहभागिता जुट्न कठिन हुने प्रकृतिका योजनाहरु Package Tendering को अवधारणबाट संचालन गरिनेछ ।
- भौतिक संरचनाहरुको सामाजिक परिक्षण गरिनेछ ।
- योजनाहरुको निर्माणमा उत्थानशिल र जलवायु परिवर्तन अनुकुलन हुने गरि निर्माण गरिनेछ ।
- मर्मत संभार कोष कट्टि ५ प्रतिशत कायम गरिनेछ र १५ प्रतिशत भन्दा बढी लागत सहभागितामा काम भएमा मर्मत संभार कोष कट्टी नगरिने नीति लिईनेछ ।
- आर्थिक वर्ष २०८३/०८४ मा विनियोजन हुने बजेट/कार्यक्रमको कार्यान्वयनको लागि पौष मसान्त भित्र हरेक वडामा गई योजना सम्झौता सम्पन्न गरिने छ ।
- निर्माण ठेक्का लगाँउदा निर्माण सम्पन्न पश्चात निश्चित अवधिकोलागि मर्मत सम्भार ठेकेदारले नै गर्ने गरी सम्झौता गरिने छ ।
- विकास आयोजना कार्यान्वयन अघि मुहान, कुलो, पोखरी, सिमसार तथा Recharge Area मा पर्ने प्रभावको मूल्याङ्कन गरिने छ ।

**नगर सभाका सदस्यज्यूहरू, अब म कृषि तथा पशु सेवा सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- वालिङ नगरपालिका भित्र विशेष सम्भावना बोकेका केहि बालीहरुको व्यवसायिक उत्पादन तथा क्षेत्रफलमा वृद्धि गर्नका लागि उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध, न्युनतम समर्थन मूल्यको व्यवस्था गराईनुका साथै कृषिमा विषादीको बढ्दो तथा जथाभावी प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक खेती प्रणालीतर्फ जोड दिईनेछ।
- वालिङ नगरपालिका भित्र रहेर निर्वाहमुखी खेति गर्दै आईरहनु भएका कृषकहरुको कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागी विभिन्न गुणस्तरीय उत्पादन सामग्रीका लागि सहयोग उपलब्ध गराईनुका साथै लोपन्मुख अवस्थामा रहेका रैथाने बालीको संरक्षणका लागि पहल गरिनेछ।
- कृषिमा उत्पादन लागत कम गर्नका लागि आधुनिक प्रविधिमैत्री कृषि प्रणालीको अवलम्बन साथै सिंचित कृषि योग्य जमिनको क्षेत्रफल वृद्धि गर्नका लागि सिंचाई पूर्वाधार निर्माणको कार्यक्रम अगाडी बढाइनेछ।
- जंगली जनावरले गरेको क्षति न्यूनिकरण गर्नका लागि छिमेकी पालिकाहरुका साथै अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरि आवश्यक उपाय खोजि गरिने छ ।
- पशुपालनलाई व्यवसायीकरण, आधुनिकीकरण तथा बजारमुखी बनाउँदै किसानको आय वृद्धि गरिने छ ।

- दूध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्न उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ।
- पशु स्वास्थ्य सेवामा सबै किसानको सहज पहुँच सुनिश्चित गरिने छ।
- उन्नत प्रजनन प्रविधि, कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रमलाई प्राथमिकता दिईने छ।
- पशुपन्छीजन्य रोग नियन्त्रण, जैविक सुरक्षा तथा महामारी व्यवस्थापनलाई सुदृढ बनाईने छ।
- युवामैत्री पशुपालन उद्यम प्रवर्द्धन गरिने छ।
- जलवायु परिवर्तन अनुकूल पशुपालन प्रणालीको विकास गरिने छ।
- सहकारी, निजी क्षेत्र तथा किसान समूहसँग साझेदारीमा उत्पादन र बजारीकरणलाई प्रोत्साहन गरिने छ।
- सुरक्षित तथा गुणस्तरीय पशुजन्य खाद्य पदार्थ उत्पादन र उपभोगलाई प्रोत्साहन गरिने छ साथै निर्माणाधिन वध स्थल संचालनका लागि आवश्यक प्रकृया अगाडी वढाईने छ ।
- एक स्वास्थ्य (One Health) अवधारणामा आधारित जुनोटिक रोग नियन्त्रण, निगरानी तथा जनस्वास्थ्य संरक्षण कार्यक्रम सञ्चालन गरिने।
- कृषि उत्पादन, उत्पादकत्व बृद्धि र बजारीकरणका लागि हेफर लगायतका संघसंस्थासँगको सहकार्यलाई निरन्तरता दिने । अगार्निक खेतीको प्रवर्धन तथा बिषादिको प्रयोगमा न्युनिकरण अभियानलाई प्रभावकारी बनाईने छ ।
- वालिङको उत्पादन" Branding गरिनेछ।
- माटोको गुणस्तर, चिस्यान सुरक्षित गर्न तथा कार्वन सञ्चयको लागि बायोचार प्रविधिमा प्रोत्साहन तथा विस्तार गरिनेछ

**नगर सभाका सदस्यज्यूहरू, अब म वन, वातावरण तथा सरसफाई सम्बन्धि नीति प्रस्तुत गर्दछु**

महिला सशक्तीकरण, रोजगारी सिर्जना तथा स्थानीय उत्पादन प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै नगर क्षेत्रमा आयोजना हुने मेला, महोत्सव, भेला तथा उत्सवहरूमा प्रयोग हुने पातबाट निर्मित दुना, टपरी तथा अन्य वातावरणमैत्री सामग्रीको उत्पादनमा स्थानीय महिलाहरूलाई प्रत्यक्ष रूपमा आबद्ध गरिनेछ। उत्पादित सामग्री नगरपालिकाले खरिद गरी सम्बन्धित स्टल तथा व्यवसायीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै सामुदायिक वन उपभोक्ता समितिहरूको आय व्यवस्थापनलाई कानुनसम्मत र पारदर्शी बनाउँदै राजस्व परिचालनलाई सुदृढ गरिनेछ तथा मानव—वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सामुदायिक

वन तथा सार्वजनिक जग्गामा वन्यजन्तुका लागि आहारयुक्त बिरुवा तथा फलफूलका प्रजाति रोपणलाई प्रोत्साहन गरिनेछ।

• विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशीलता तथा नागरिक सुरक्षालाई उच्च प्राथमिकता दिँदै प्रत्येक वडामा नियमित रूपमा विपद् सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। सूचना प्रविधिको प्रयोगमार्फत विपद् तथा जलवायु परिवर्तनजन्य जोखिमबारे जनचेतना अभिवृद्धि गरिनेछ। सम्भावित जोखिमयुक्त बस्तीहरूको पहिचान गरी आवश्यकताअनुसार सुरक्षित स्थानमा अस्थायी बसोबासको व्यवस्था गरिनेछ। विपद् प्रभावित नागरिकलाई कार्यविधिअनुसार शीघ्र राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ भने राहत तथा उद्धार सामग्रीको पूर्वभण्डारण, गोदाम व्यवस्थापन तथा वडा, प्रहरी र सशस्त्र प्रहरीसँगको समन्वयलाई थप प्रभावकारी बनाइनेछ।

• नगरपालिकामा उपलब्ध सवारी साधन, उपकरण तथा स्रोत—साधनलाई विपद् उद्धार, राहत वितरण तथा जोखिम न्यूनीकरण कार्यमा उच्च प्राथमिकताका साथ परिचालन गरिनेछ। विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका कार्यक्रमलाई संस्थागत गर्दै सम्बन्धित निकायहरूबीच समन्वय, सहकार्य र द्रुत परिचालन प्रणालीको विकास गरिनेछ, जसबाट विपद्का घटनाबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सहयोग पुग्नेछ।

• फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी, दिगो तथा वातावरणमैत्री बनाउन फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने प्रणालीलाई सुदृढ गरिनेछ। टोल विकास संस्था, समुदाय तथा सरोकारवालाहरूलाई अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरी फोहोर व्यवस्थापनमा नागरिक सहभागिता अभिवृद्धि गरिनेछ। कुहिने तथा दिशाजन्य फोहोरबाट गँड्यौला मल, जैविक मल तथा अन्य पुनःप्रयोगयोग्य सामग्री उत्पादनमा जोड दिई फोहोरलाई स्रोतमा रूपान्तरण गर्ने अवधारणालाई कार्यान्वयन गरिनेछ।

- फोहोरबाट मोहर- फोहोरबाट नगद

• सरसफाइ तथा फोहोर व्यवस्थापन केन्द्रको भौतिक तथा प्राविधिक सुदृढीकरण गर्दै केन्द्रमा रहेका उपकरणहरूको मर्मत सम्भार, पुनःसञ्चालन तथा व्यवस्थित भण्डारणको व्यवस्था गरिनेछ। सम्मेलन हल, पार्क तथा अन्य संरचनाहरूलाई थप व्यवस्थित र आकर्षक बनाउँदै आगन्तुक तथा सरोकारवालाहरूलाई केन्द्रबाटै वस्तुस्थिति, सिकाइ तथा अवलोकनको अवसर प्रदान गरिनेछ। फोहोरको न्यूनिकरण, पुनःप्रयोग तथा पुनर्चक्रणमार्फत वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन तथा हरित नगर निर्माणमा योगदान पुर्‍याइनेछ।

- जलवायु मापन केन्द्र स्थापना गर्न पहल गरिने छ ।

**नगर सभाका सदस्यज्यूहरू, अब म, पूर्वाधार तथा घर नक्शा सम्बन्धि नीति प्रस्तुत गर्दछु**

नगरको समग्र विकासलाई योजनाबद्ध, दिगो तथा परिणाममुखी बनाउन दीर्घकालीन सोचअनुसार योजना छनोट, बजेट विनियोजन तथा कार्यान्वयन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। योजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याई आवश्यकता, प्राथमिकता तथा उपलब्ध स्रोतका आधारमा योजनाहरू छनोट गरिनेछ। विकास निर्माणका सम्पूर्ण कार्यमा पारदर्शिता, जवाफदेहिता र सुशासनलाई प्रवर्द्धन गर्दै सामाजिक परीक्षण तथा नागरिक सहभागितालाई संस्थागत गरिनेछ।

• नगरभित्रका सबै वडाहरूलाई सुरक्षित, सहज र भरपर्दो सडक सञ्जालमार्फत जोड्ने नीति अवलम्बन गरिनेछ। नगर चक्रपथ, कालीगण्डकी करिडोरसँग जोडिने सडक, ग्रामीण तथा कृषि सडकहरूको स्तरोन्नति, पुल तथा पहुँच मार्ग निर्माणलाई प्राथमिकता दिइनेछ। आर्थिक गतिविधि, पर्यटन प्रवर्द्धन तथा सेवा प्रवाहलाई सहज बनाउने पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ।

• स्मार्ट सिटी वालिङको अवधारणालाई मूर्तरूप दिन आधुनिक प्रविधिमा आधारित सेवा प्रवाह, डिजिटल सूचना प्रणाली, हाउस नम्बरिङ, सडक नामकरण, स्मार्ट सडक बत्ती, सिसिटिभी निगरानी, पार्किङ व्यवस्थापन तथा शहरी सौन्दर्यीकरणका कार्यक्रम सञ्चालन गरिनेछन्। व्यवस्थित, सुरक्षित, आकर्षक तथा प्रविधिमैत्री नगर निर्माणका लागि आवश्यक गुरुयोजना तथा डिजिटल प्रणालीको विकास गरिनेछ।

• नगरवासीलाई गुणस्तरीय सार्वजनिक सेवा प्रदान गर्न प्रशासनिक भवन, सार्वजनिक शौचालय, पार्क, सामुदायिक संरचना तथा मनोरञ्जनस्थलहरूको निर्माण र स्तरोन्नति गरिनेछ। बालबालिका, ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त, सुरक्षित र समावेशी सार्वजनिक पूर्वाधार निर्माणमा विशेष प्राथमिकता दिइनेछ। साथै निर्माणाधीन पार्क तथा अन्य सार्वजनिक संरचनाहरू सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

• निर्माण भएका पूर्वाधारहरूको संरक्षण, मर्मत सम्भार तथा दीगोपन सुनिश्चित गर्न मर्मत सम्भार कोषलाई सुदृढ बनाइनेछ। निर्माण कार्यको गुणस्तर अभिवृद्धिका लागि प्राविधिक परीक्षण प्रणालीको विकास गरिनेछ भने राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधी निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरिनेछ। सुरक्षित, गुणस्तरीय र दिगो पूर्वाधार निर्माणलाई नगर विकासको आधारका रूपमा स्थापित गरिनेछ।

• नगरको आर्थिक, सामाजिक तथा पर्यटन विकासमा दीर्घकालीन प्रभाव पार्ने नगर गौरवका योजनाहरूलाई निरन्तरता दिइनेछ। आँधीखोला करिडोर, चेकड्याम निर्माण, औद्योगिक ग्राम, नमुना बसपार्क तथा अन्य रणनीतिक महत्त्वका आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गरी उत्पादन, लगानी, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याइनेछ।

• सबै नागरिकलाई सुरक्षित, भरपर्दो तथा गुणस्तरीय खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ एकीकृत खानेपानी प्रणालीको विकास गरिनेछ। सरसफाइ, फोहोरमैला व्यवस्थापन, ढल तथा फोहोर पानी प्रशोधन प्रणालीलाई व्यवस्थित बनाउँदै वातावरणीय स्वास्थ्य प्रवर्द्धन गरिनेछ। जलस्रोत संरक्षण, वर्षा पानी संकलन तथा पानीको गुणस्तर परीक्षणलाई निरन्तरता दिई स्वच्छ र स्वस्थ नगर निर्माण गरिनेछ।

• विकास प्रक्रियामा नागरिकको स्वामित्व र सहभागिता अभिवृद्धि गर्न उपभोक्ता समिति, टोल विकास संस्था तथा विभिन्न साझेदार निकायहरूसँग सहकार्यलाई सुदृढ बनाइनेछ। म्याचिङ फण्ड, सहलगानी तथा साझेदारीका कार्यक्रम मार्फत स्थानीय स्रोत, सीप र क्षमताको अधिकतम उपयोग गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने संस्थाहरूलाई प्रोत्साहन तथा सम्मानको व्यवस्था गरी उत्तरदायी र सक्रिय समुदाय निर्माण गरिनेछ।

• वातावरण संरक्षण, जलवायु अनुकूलन तथा हरित विकासलाई नगर विकासको अभिन्न अङ्गका रूपमा अघि बढाइनेछ। नदी तथा खोला संरक्षण, हरित क्षेत्र विस्तार, वृक्षारोपण, वर्षा पानी संकलन, जलाधार संरक्षण तथा हरित पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गरिनेछन्। विद्यालय, समुदाय तथा विभिन्न संस्थाहरूसँग सहकार्य गरी वातावरणीय शिक्षा तथा जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

• सुरक्षित, उत्थानशील तथा विपद् प्रतिरोधी नगर निर्माणका लागि जोखिम संवेदनशील भू—उपयोग योजना कार्यान्वयन गरिनेछ। प्राकृतिक तथा मानव सिर्जित विपद्को जोखिम न्यूनीकरणका लागि विपद् प्रतिरोधी पूर्वाधार, आपतकालीन सेवा प्रणाली, सुरक्षा संरचना तथा उद्धार व्यवस्थापन क्षमताको विकास गरिनेछ। नागरिकको जीवन, सम्पत्ति तथा सार्वजनिक पूर्वाधारको सुरक्षा सुनिश्चित गर्दै विपद् सामना गर्न सक्षम र सुरक्षित नगर निर्माणमा विशेष जोड दिइनेछ।

**नगर सभाका सदस्यज्यूहरू, अब म पर्यटन प्रवर्द्धन सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- क्यान्योनिङ (Canyoning) पर्यटन प्रवर्द्धनः खाल्टे झरना (वालिङ-४) लाई प्रमुख क्यान्योनिङ गन्तव्यको रूपमा विकास गर्ने, अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड अनुसार पूर्वाधार, सुरक्षा उपकरण, र प्रशिक्षित गाइडहरूको व्यवस्था गरिने छ ।
- स्थानीय स्तरको पर्यटन पूर्वाधारः सुन्टलाबारी होमस्टेलगायतका स्थानीय आवास, खाना, र सेवाहरूलाई क्यान्योनिङ अनुभवसँग एकीकृत गरी पर्यटकको बसाइ अवधि कम्तीमा १ दिन थप गर्न पहल गरिने छ ।
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणः पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएका ऐतिहासिक, धार्मिक, र प्राकृतिक स्थलहरूको संरक्षण, स्तरोन्नति, र प्रचारप्रसार गरिने छ ।

- पर्यटन सम्बन्धी जनचेतना तथा क्षमता विकासः स्थानीय युवाहरूलाई क्यान्योनिङ गाइड, होमस्टे सञ्चालक, र पर्यटन सेवा प्रदायकको रूपमा तालिम दिने । नेपाल पर्यटन बोर्ड र नेपाल क्यान्योनिङ एसोसिएसनसँगको सहकार्यलाई निरन्तरता दिईने छ ।
- प्रदेशस्तरीय पर्यटन सर्किटमा समावेशः वालिङलाई गण्डकी प्रदेशको साहसिक पर्यटन सर्किटको मुख्य केन्द्रको रूपमा विकास गर्न प्रदेश सरकारसँग समन्वय गरिने छ ।
- सडक, भवन, खानेपानी तथा सिंचाइ योजनाको स्वीकृति पूर्व संक्षिप्त Climate Risk Screening समावेश गरिने छ ।

**प्रविधि तथा डिजिटल पूर्वाधार (Technology & Digital Infrastructure)**

- एकीकृत नगर सूचना प्रणाली (IMIS) विस्तारः सबै योजना, बजेट, प्रगति, र आर्थिक विवरणहरूको डिजिटल अभिलेख राख्न IMIS प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरिने छ ।
- GIS Mapping बाट जग्गाको वर्गिकरण — राजस्व अभिवृद्धि योजना

**समावेशी पूर्वाधार तथा महिला सहभागिता (Inclusive Infrastructure & Women Participation)**

- योजना र कार्यक्रमहरुका उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष जस्तो महत्वपूर्ण पदहरुमा महिलाहरुलाई प्राथमिकता दिइने नीतिलाई निरन्तरता दिईने छ ।
- जनशक्तिमा आधारित( Labour Intensive) सार्वजनिक कार्यहरूमा कम्तीमा ५०% महिला सहभागिता सुनिश्चित गरिने छ ।
- योजना संचालनका लागि उपभोक्ता समिति गठनका समयमा उपस्थितिका लागि बाल क्लव पदाधिकारीलाई समेत पत्राचार गर्ने निति लिईने छ।

**नगर सभाका सदस्यज्यूहरू, अब म न्यायीक सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- स्थानीय तहमा भएका विवादहरुलाई स्थानीय तहमा नै मिलापत्र गरी समाजमा अमन चयन स्थापना गर्न र नागरिकहरुलाई सहजरुपमा न्यायमा पहुँच पुर्याउने हेतुले नेपालको संबिधान, २०७२ को धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ४६ मा गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उप प्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन हुने व्यवस्था भए अनुरुप मिति २०७९ जेष्ठ २३ गतेको कार्यपालिका बैठकले उप प्रमुखको संयोजकत्वमा पोत प्रसाद लम्साल र चिनीमाया सार्की सदस्य रहेको न्यायिक समिति गठन भएको कुरा यहाँहरुलाई बिदितै छ । सोही न्यायिक समिति द्वारा न्यायिक कार्यसम्पादन हुदै आएको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहान्छु ।

- आगामी दिनहरुमा न्यायिक समितिलाई थप प्रभावकारी र जनताको घरदैलोमा पुर्याउन ग्रामीण भेगमा बस्ने महिला, विधार्थी, किशोर किशोरी, ज्येष्ठ नागरिक, मजदुर र बञ्चितिकरणमा परेका नागरिकका साथै टोल बिकास संस्था, आमा समूह, क्लब हरुलाई **“ नागरिक सँग न्यायिक समिति ”** कार्यक्रम मार्फत लैङ्गिक समावेशी तथा समाजिकीकरण अन्तर्गत लैङ्गिक हिंसा न्यूनिकरणको लागि नेपालमा भएको कानूनी व्यवस्थाको बारेमा कानूनी सचेतना कार्यक्रम अगाडि बढाईनेछ ।
- तसर्थ मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि तथा व्याक्तित्व बिकासको लागी पुनर्ताजगी तालीम अध्यायन अवलोकन वा सिकाई आदान प्रदानको कार्यक्रमलाई अगाडि बढाईने छ । जिल्ला स्तरिय उप प्रमुखहरुको न्यायिक संजालको भेलामा सकृय सहभागी भई अन्य पालिकाबाट भएका असल अभ्यासहरुलाई अनुसरण गर्दै न्यायिक समितिलाई सुढृत गराउदै लगिनेछ । टोल टोलमा कानूनी सचेतना एवम् लैङ्गिक बिभेद तथा हिंसा नियन्त्रण सम्बन्धी अभिमुखिकरण तालीमहरु सञ्चालन गरिनुका साथै वालिङ नगरपालिकाको मेलमिलापकेन्द्र तथा न्यायिक समितिमा पर्ने निवेदन (उजुरी) को लेखापढी शुल्कको विषयमा नागरिकबाट जनगुनासो आएकाले लेखापढी शुल्कको दररेटलाई एकरुपता कायम गर्न वालिङ स्थित लेखापढी व्यवसायीहरुको नाम तथा फर्महरुको सूचीकृत गर्ने कार्यलाई अघी बढाईने छ ।

**नगर सभाका सदस्यज्यूहरू, अब महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) का सिद्धान्तलाई मूलप्रवाहीकरण गर्दै योजना तथा कार्यक्रमहरूको छनोट, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियामा लैङ्गिक तथा सामाजिक दृष्टिले उत्तरदायी बजेट प्रणाली अवलम्बन गरिनेछ।
- बालमैत्री स्थानीय तह घोषणा अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक पूर्वाधार, सेवा तथा कार्यक्रमहरू सञ्चालन गरिनेछन्। साथै, संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ अन्तर्गत नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि हुने सबै प्रकारका हिंसा, विभेद तथा दुर्व्यवहारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै संरक्षण, रोकथाम र न्यायमा पहुँच सुनिश्चित गरिनेछ।
- महिलाहरूको आर्थिक सशक्तीकरण तथा उद्यमशीलता प्रवर्द्धन गर्न महिला नेतृत्वमा सञ्चालित उद्यम तथा व्यवसायहरूलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै प्रचलित कानुन बमोजिम कर सहुलियत तथा प्रोत्साहनका व्यवस्था गरिनेछ।
- अपाङ्गता तथा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै यस क्षेत्रका लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार, सम्मान र समान अवसर सुनिश्चित गर्न आवश्यक कानुनी, नीतिगत तथा संस्थागत सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी संविधान तथा संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ ले सुनिश्चित गरेका शिक्षा, स्वास्थ्य, सुरक्षा, संरक्षण तथा सहभागिताका अधिकारहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- बेइजिङ घोषणा तथा कार्यमञ्च र नेपाल सरकारका प्रतिबद्धताअनुरूप महिला हिंसा न्यूनीकरण, आर्थिक सशक्तीकरण, नेतृत्व विकास, निर्णय प्रक्रियामा सहभागिता तथा समान अवसर प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- दिगो विकास लक्ष्य (SDG) नं. ५ ले परिकल्पना गरेको लैङ्गिक समानता तथा महिला र किशोरीहरूको सशक्तीकरण हासिल गर्न बहुआयामिक, समावेशी र परिणाममुखी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- लोपोन्मुख तथा सीमान्तकृत समुदायहरू, विशेष गरी माझी, कुमाल, दलित तथा विपन्न वर्गहरूको सामाजिक, आर्थिक र सांस्कृतिक उत्थानका लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनुका साथै उनीहरूको मौलिक पहिचान, परम्परागत सीप, पेशा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

**उद्यमशीलता**

- नवप्रवर्तनमा आधारित स्टार्टअपलाई प्रोत्साहित गर्न उद्यमीहरुको क्षमता अभिवृद्धि, सेवा, बजारीकरण, वित्तीय पहुँच, मूल्यशृङ्खला निर्माण गर्न थप कार्यक्रमहरु विस्तार गरिनेछ।
- उद्यमशीलताको विकास, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामा जोड दिइनेछ ।
- स्थानीय कच्चा पदार्थ, उद्यमशीलता र सीपमा आधारित औद्योगिक विकासलाई प्रोत्साहित गरिनेछ।
- उत्पादनशील क्षेत्र र उद्यममा सहभागिता अभिवृद्धी तथा स्वरोजगार सुनिश्चित गर्न परम्परागत पेशा, सीप र व्यवसायलाई प्रवर्द्धन गर्न व्याज अनुदानमा "**उपमेयर संग उद्यमी आमा**", तथा युवा उद्यम कार्यक्रम संचालन गरिनेछ । वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको सिप उपयोगगरी उद्यम संचालन गर्न **'श्रमदेखि उद्यमसम्म"** कार्यक्रम र विदेशमा रहेका नागरिकलाई जन्मस्थानसंग जोड्न 'जन्मस्थान समुन्नतिः विशेष अभियान' संचालन गरिने छ।
- **"नगर प्रमुख नवप्रवर्तन प्रोत्साहन कार्यक्रम"** संचालन गरी नगर क्षेत्रभित्रका युवा तथा विद्यार्थीहरुद्वारा संचालित नवप्रवर्तनका क्रियाकलापहरुलाई सहयोग गरिनेछ। "युवा स्टार्टअप कोष" मार्फत् सहुलियतपूर्ण ऋण र बीउ पूँजी (Seed Money) उपलब्ध गराइनेछ। ।

## <u>सूचना प्रविधि शाखा</u>

- विद्युतीय सुशासन (E-Governance) मार्फत सेवा प्रवाहलाई कागजविहीन (Paperless) र केन्द्रीकृत बनाउन संघीय तथा प्रादेशिक मन्त्रालयका सफ्टवेयरलाई प्राथमिकता दिइनेछ। अनलाइन गुनासो प्रणालीलाई थप व्यवस्थित गर्दै अति आवश्यक खण्डमा मात्र विभागको निगरानीमा तेस्रो पक्षको सफ्टवेयर प्रयोगमा ल्याई एकीकृत सफ्टवेयर र आन्तरिक नेटवर्कको सुदृढीकरण गरिनेछ।
- जनप्रतिनिधि, कर्मचारी र विद्यार्थीमाझ डिजिटल साक्षरता तथा कार्यक्षमता अभिवृद्धि गर्न नवीनतम प्रविधि (AI) को सुरक्षित प्रयोग, साइबर सुरक्षा, अनलाइन सेवा उपयोग र प्रविधिमैत्री प्रशासनिक अभ्यासबारे नियमित तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकाको सूचना सम्प्रेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सामाजिक सञ्जाल र मल्टिमिडियाको उच्चतम प्रयोग गरिनेछ। साथै, सुरक्षा र कार्य सहजताका लागि आवश्यक उपकरण (CCTV, स्मार्टबोर्ड, LED Display) तथा सर्भर र सफ्टवेयर व्यवस्थापनका लागि उचित बजेटको व्यवस्था गरिनेछ।
- "वालिङ स्मार्ट सिटी" अभियानलाई सहयोग पुग्ने गरी नगरको यथार्थ विवरणसहितको डिजिटल प्रोफाइल अद्यावधिक गर्नुका साथै प्रविधिमा आधारित विस्तृत पर्यटन सूचना पोर्टल र मोबाइल एप्लिकेसन निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
- नागरिकको सूचना प्रविधिमा पहुँच बढाउन सार्वजनिक स्थानमा निःशुल्क वाइफाई (Free WIFI) सेवा र इन्टरनेट क्याफे सञ्चालन गर्दै स्थानीय कलेजहरुसँगको सहकार्यमा युवा नवप्रवर्तनलाई प्रोत्साहन गर्न 'सूचना प्रविधि नवप्रवर्तन केन्द्र' (IT Incubation Center) को स्थापना गरिनेछ।
- स्थानीय सञ्चार माध्यमको सबलीकरणका लागि सञ्चार नीति तर्जुमा, लोक कल्याणकारी विज्ञापनको न्यायोचित वितरण र आधुनिक मिडिया सेन्टर स्थापना कार्यलाई अगाडि बढाइनेछ।

## रोजगार सेवा केन्द्र

- रोजगार सेवा केन्द्रलाई रोजगार सीप तथा उद्यमशीलता केन्द्रको रुपमा रुपान्तरण गरिने छ।
- **“उत्पादन र उत्पादकत्व विस्तार, आन्तरिक रोजगारीको दिगो आधार”** को नारा अनुसार निजि क्षेत्रसँगको सहकार्यमा आन्तरिक रोजगारीका लागि सिपयुक्त जनशक्ति र रोजगारदाताको नक्साङ्क गरी श्रम विनिमयको गर्ने पद्धति तयार गरि आवश्यक सिप तालिम तथा आर्थिक सहयोग उपलब्ध गराई आन्तरिक रोजगारीलाई प्राथमिकता दिईने छ।
- श्रमयुक्त न्युनतम रोजगारी सिर्जनाका लागि राष्टिय रोजगार प्रवर्द्धन कार्यक्रमसँग साझेदारीमा सामुदायिक पुर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिनका लागि नगरको एक योजना गराई वेरोजगार सुचीमा

प्राथमिकता परेका व्यक्तीहरुलाई योजनाहरु संचालन गरिनेछ। यस कार्यका लागि दक्ष कामदारको ज्याला र सामाग्री खरिदका लागि साझेदारी गरिनेछ।

**सुरक्षित आप्रवसान**

- मनोसामाजिक समस्यामा रहेका व्यक्तिहरुलाई सामुहिक तथा व्यक्तिगत परार्मश दिनका लागि परामर्श कक्षा स्थापना गरी प्रत्येक वडामा मनोसामाजिक परामर्श सचेतिकरण कार्यक्रम संचालन गरिने छ।

**नगर सभाका सदस्यज्यूहरू, अब शुसासन तथा संस्थागत विकास सम्बन्धि नीति प्रस्तुत गर्दछु**

- वालिङ नगरपालिकामा भएका जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि अन्य पालिकाका असल अभ्यासको अनुगमन तथा निरिक्षण गरि आत्मसाथ गर्ने आवश्यक व्यवस्था मिलाईने छ ।
- वालिङ नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा जडान गरिएका विद्युतिय हाजिरीलाई दिगो, भरपर्दो र विश्वसनिय बनाउन नियमित रेखदेख र मर्मत संभारको व्यवस्था गरिने छ ।
- जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता बिकास गर्नका साथै तनाव व्यवस्थापन समेत गर्न आवश्यक अध्ययन/अवलोकन भ्रमणका साथै कार्यक्रम संचालन गरिने छ ।
- द एसिया फाउण्डेशन, एन्फो, यु. एन.डी.पि., नेपाल पानी फाउण्डेसन लगाएतका विकास साझेदार संस्थाहरुको सहकार्य लाई निरन्तरता दिईने छ ।
- जन्मदर्ता, मृत्युदर्ता, स्वास्थ्य बीमा दर्ता र नवीकरण लगायतका सेवा “अनलाइन वा आँगनबाट” र अपाङ्गता भएका व्यक्ति, दीर्घरोग भएका ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी लगायतलाई आधारभूत स्वास्थ्य जाँच घरआँगनमै गर्ने 'घरआगन सेवा' र कार्यालयमार्फत **एकीकृत सेवा केन्द्र र घुम्ति सेवा**लाई थप प्रभावकारी ढङ्गले अगाडि बढाइनेछ।

**राजश्व**

- संविधान तथा प्रचलित कानून अन्तर्गत स्थानीय तहलाई प्राप्त कर तथा गैरकर राजस्व अधिकारलाइ व्यवस्थित गर्न एकिकृत कर तथा गैरकर राजस्व सम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
- राजस्व प्रशासन प्रणालीलाई व्यवस्थित, पारदर्शी र सुदृढ बनाउन र राजस्व ऐन कार्यान्वयनका लागि आवश्यक कर तथा गैरकर राजस्व सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- राजस्व नीति कार्यान्वयनका लागि नगरपालिकाको वस्तुगत विश्लेषण गरि सिद्धान्त र प्राथमिकताका आधारमा स्थानीय आर्थिक क्रियाकलाप बृद्धि भई आन्तिरक राजस्व अभिबृद्धि हुने आयोजना तथा कार्यक्रमहरु राखी विनियोजन ऐन तर्जुमा गरिने अभ्यासको थालनी गरिनेछ।

- राजस्व प्रशासनलाई चुस्त बनाउन करदाता पहिचान, करयोग्य सम्पत्ति तथा आम्दानीको मूल्याङ्कन, कर निर्धारण, बिजक (बिल) जारी, र कर भुक्तानी लगायतका सम्पूर्ण प्रक्रियामा वैज्ञानिक विधि लागू गरिनेछ।
- राजस्व भुक्तानी प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी र सुरक्षित बनाउन "शून्य नगद कारोबार" (Zero Cash Handling) को नीति अवलम्बन गरिनेछ। यस अन्तर्गत विद्युतीय (अनलाइन) माध्यमबाट कर तथा दस्तुर भुक्तानी गर्ने र सबै वडा कार्यालयहरूबाटै विद्युतीय रसिद जारी हुने एकीकृत व्यवस्था मिलाइनेछ।
- कर निर्धारण प्रक्रियालाई व्यावहारिक र जनमुखी बनाउन नागरिक समाज, निजी क्षेत्र, स्थानीय सङ्घ-संस्था तथा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। साथै, राजस्व दायरा विस्तारका लागि संयुक्त रूपमा कर शिक्षा तथा कर सङ्कलन अभियान सञ्चालन गरिनेछ।
- नगरपालिकाको आन्तरिक राजश्व अभिबृद्धि गर्ने उद्देश्यले प्रत्येक वडा कार्यालयलाई राजश्व संकलनमा प्रोत्साहन गर्न वडा प्रोत्साहन कार्यक्रम संचालन गरिने छ।

**नगर सभाका सदस्यज्यूहरू,**

वालिङ नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सफल, समृद्ध, समावेशी र जनमुखी नगर निर्माण गर्ने साझा संकल्पका साथ प्रस्तुत गरिएको छ। यस नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सुझाव, सल्लाह, सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सुशासन, सामाजिक न्याय, गुणस्तरीय सेवा प्रवाह, आर्थिक समृद्धि तथा नागरिकको जीवनस्तर उकास्ने हाम्रो अभियानमा सबै पक्षको सक्रिय सहभागिता, सहयोग र साथ रहने विश्वास व्यक्त गर्दछु।

- अन्त्यमा, “समृद्ध वालिङ, सुखी वालिङवासी” को साझा लक्ष्य प्राप्तिका लागि हामी सबै एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धतासहित यस नीति तथा कार्यक्रमप्रति यहाँहरूको रचनात्मक सुझाव, सहयोग र समर्थनको अपेक्षा गर्दै धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद, जय वालिङ, ।